जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १६ २०८२ साल साउन २१ गते बुधबार (6 Aug 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नारायणगढ-मुग्लिन सडक... ३ पृष्ठमा : सरकार कर बक्यौता असुली ... ३ पृष्ठमा :श्रीलङ्का : बदनाम प्रहरी...

## संघर्ष समितिले चौथो चरणको आन्दोलनका लागि लियो सुझाव



**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

राजविराज नगरवासी पीडित संघर्ष समितिले चौथो चरणको आन्दोलन घोषणा पूर्व मंगलबार बृहत भेलामार्फत आन्दोलनको भावी कार्यक्रम बारे आवश्यक सुझाव संकलन गरेको छ ।

दशकौंदेखी ब्लक, बिटौरी जग्गाको लालपूर्जा पाउनबाट बञ्चित राजविराज नगरवासीद्वारा गठित संघर्ष समितिले नगरको विभिन्न समस्या समाधानको माग गर्दै चौथो चरणको आन्दोलन पूर्व उक्त सुझाव लिएको हो ।

अब हुने आन्दोलन बजार बन्द, यातायात बन्द, मसाल र सिटी जुलुस, धर्ना, रिले अनसन, कालो पट्टी बाधेर बिरोध प्रदर्शन र राजविराज नगरपालिका कार्यालय, नापी कार्यालय तथा मालपोत कार्यालयमा तालाबन्दी गर्ने निश्कर्षसहित बृहत भेलाका सहभागिहरुले ती आन्दोलनका कार्यक्रमहरु निरन्तर र शान्तिपूर्वक रुपमा गर्नु पर्ने सुझाव समेत दिएका छन् ।

स्थानीय उद्योग बाणिज्य संघको सभाकक्षमा व्यापक सहभागितामा आयोजित भेलाका सहभागिता वक्ताहरुले यसअघि तीन चरणमा भएको आन्दोलनबाट स्थानीय प्रशासन र राजविराज नगरपालिकाको पहलमा एउटा वार्ता समिति गठन गर्नु बाहेक अन्य कुनै उपलब्धी प्राप्त नभएको भन्दै आन्दोलन चर्काउनुको विकल्प नरहेको सुझाव दिएका छन् ।

संघर्ष समितिका संयोजक इरसाद अन्सारीको अध्यक्षतामा आयोजित भेलामा प्रदेश सांसद मनिष सुमन, संविधानसभा सदस्य रन्जित कर्ण, जिल्ला समनवय समिति सप्तरीका प्रमुख शिवनारायण साह, सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, महासचिव अमृत संचेती, माउन्ट सगरमाथा यातायात प्रालीका उपाध्यक्ष दिनेश प्रसाद गुप्ता, निवर्तमान अध्यक्ष नुरुलहोदा अन्सारी, आन्दोलन परिचालन उपसमितिका संयोजक दिपेन्द्र चौधरी, जसपा सप्तरीका अध्यक्ष सत्यनारायण यादव, नेपाली काँग्रेसका प्रभात कुमार ललन, इनरदेव देव, अनिल देव लगायतले बोल्दै संघर्ष समितिले उठाएका जायज माग सम्बोधनमा सम्बन्धीत निकायले ढिलाई गरिरहेकोमा आक्रोस व्यक्त गर्दै आन्दोलन चर्काउने पर्नेमा जोड दिएका थिए ।

यता संघर्ष समितिका संयोजक अन्सारीले प्राप्त सुझावहरुको आधारमा चौथो चरणको आन्दोलन कार्यक्रम दुईभित्र तय गरि पत्रकार सम्मेलन

*बाँकी अन्तिम पृष्ठमा*

## बहुबिवाहलाई मान्यता दिने मस्यौदाप्रति फेडोको आपत्ति

काठमाडौँ, २० साउन (रासस) ।

दलित महिला सङ्घ (फेडो)ले सरकारले बहुविवाहलाई निश्चित परिस्थितिमा कानुनी मान्यता दिने मस्यौदा ल्याउन लागेकोप्रति आपत्ति जनाएको छ ।

मुलुकी अपराधसंहिता लागू भएको दिन २०७५ भदौ १ गतेदेखि पूर्णतः निषेध गरिएको बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिनेगरी सरकारले कानुन ल्याउन लागेको भन्दै सो कदम तत्काल रोक्न र यस्तो कार्यको अगुवाइ गर्नेलाई कारबाही गर्न फेडोले माग गरेको छ ।

नेपालमा बहुविवाह अपराध हो भन्ने स्पष्ट कानुनी व्यवस्था रहँदै आएको सन्दर्भमा नेपाल सरकारको यो कदम नेपालको संविधान, लैङ्गिक समानता, महिला अधिकार तथा मानवअधिकारको मूल भावना विपरीत रहेको फेडोका महासचिव रेणु सिजापतिले मंगलबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

“पारिवारिक सम्बन्ध, समाजिक न्यायमा यस्ता कानुनी प्रावधानले पार्ने प्रभावको आँकलन नगरी कानुन निर्माण गर्ने प्रयास आफैँमा गलत धारणा र पितृसत्तात्मक सोच हाबी भएको देखिन्छ”, विज्ञप्तिमा भनिएको छ ।

बहुविवाहलाई मान्यता दिने विषय नेपालको संविधानको धारा १८ र धारा ३८ अन्तर्गतको समानता र महिला अधिकारको प्रतिकूल हुने यो मस्यौदाले नेपालले अवलम्बन गरेका अन्तरराष्ट्रिय सन्धि जस्तै महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि (सिड)को समेत उल्लङ्घन गर्ने विज्ञप्तिमा उल्लेख छ ।

## मधेसको खानेपानी समस्या समाधान गर्न ठोस योजना बनाइने

काठमाडौँ, २० साउन (रासस) ।

खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेसको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि यथाशीघ्र ठोस योजना तयार गर्न आवश्यक रहेको बताउनुभएको छ ।

मंगलबार खानेपानी तथा ढल व्यवस्थापन विभागको गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति समीक्षा गोष्ठीको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, “तराई-मधेसको खानेपानी समस्याको दीर्घकालीन समाधानको ठोस उपायमा काम गर्न म विभागलाई निर्देशन दिन्छु ।”

खानेपानी, सरसफाइ तथा ढल निकासको क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै खानेपानी मन्त्रालय विकासे मन्त्रालयहरूमध्येमा सबैभन्दा उत्कृष्ट नतिजा ल्याउन सफल भएको उहाँको भनाइ छ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठले गत आर्थिक

*बाँकी अन्तिम पृष्ठमा*

## जसपा नेपाल सप्तरीको अध्यक्षमा दोहोरिए केदार



**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीको अध्यक्ष पदमा पुनः केदार प्रसाद यादव निर्वाचित भएका छन् ।

दुई पटक निर्वाचनको मिति सारेर तेश्रो पटक सोमबारका दिन सम्पन्न निर्वाचनबाट मंगलबार बिहान परिणाम घोषणा गरिएको हो ।

जसअनुसार केदार यादवको प्यानलको उपाध्यक्षतर्फ लक्ष्मण यादव, उपसचिवतर्फ रिता कुमारी चौधरी र रामेश्वर कडोरीया यादव र कोषाध्यक्ष अमरेन्द्र कुमार यादव निर्वाचित भएका छन् ।

अध्यक्ष पदका अर्का उम्मेदवार उमेश प्रसाद यादव प्यानलबाट उपाध्यक्षमा हरेराम यादव र सचिवमा निरज कुमार झा निर्वाचित भएका छन् ।

अध्यक्ष पदमा केदार प्रसाद यादवले २ सय ३५ मत ल्याउदा उनका निकटतम प्रतिद्वन्द्वी उमेश प्रसाद यादवलाई २ सय ५ मत ल्याउन सके । यसैगरी उपाध्यक्षमा लक्ष्मण यादब २ सय ३५ मत र हरेराम यादब २ सय २६ मत प्राप्त गरि निर्वाचित भएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# सबै खाले भेद्भावलाई उन्मुलन गर्नेतर्फ अग्रसर होऔं

कतै जातजाति त कतै रंगको आधारमा भेदभाव गरिँदैछ भने कतै लिङ्गका आधारमा विभेद हुने गरिन्छ । हाम्रो मुलुकको संविधानले कुनै पनि प्रकारको भेदभावलाई गैरकानुनी भनेको छ । विभिन्न ऐन, कानून र नियमावलीहरु समेत निर्माण नभएका होइनन् । तर, अहिले पनि धार्मिक रुपमा, जातिय रुपमा, लैङ्गिक रुपमा आदि विभेदहरु कायमै रहेको छ ।

नेपाल जस्तो विकासशील देशमा मात्र नभई विकसित मुलुकहरुमा समेत जात, धर्म, लिङ्ग, रंग भेद जस्ता भेदभावहरु कायमै रहेको छ । कानूनी रुपमा दण्ड सजायको व्यवस्था गरिएपनि व्यवहारमा अहिले पनि यस्ता भेद्भाव कायमै रहेको छ । यस्तो अवस्थामा पनि विभिन्न खाले विभेद कायमै रहनु दुखद हो । जात, धर्म, लिङ्ग, वर्ण आदिका रुपमा विभेद अहिले पनि कायमै रहनु भनेको हाम्रो पछौटेपनाको द्योतक हो ।

अहिले विश्वभरि नै रंगभेद वा अन्य कारणले हुने गरेको विभेदलाई कानुनी कष्टघारामा ल्याइने गरिन्छ । हाम्रो मुलुकमा अहिले पनि यस्ता विभेदले प्रश्य पाइरहेको अवस्थामा यसलाई हामी आफ्ना मनमस्तिष्कबाट हटाउन आवश्यक छ । तसर्थ रुढिवादी विचारलाई मुक्त गरौं र सबै खाले भेद्भावलाई उन्मुलन गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नारायणगढ-मुग्लिन सडक : सधैं ढुंगा खस्ने त्रास

चितवन, २० साउन (रासस) ।

नारायणगढ-मुग्लिन सडकखण्डका अधिकांश भाग भित्तो खनेर बनाइएको र विस्तार गरिएको हुँदा सधैं पहिरो र ढुङ्गा खस्ने जोखिम हुने गर्दछ । समयसमयमा पहिरो र ढुङ्गा खसेर भएका मानवीय क्षति धेरै छन् ।

पछिल्ला वर्षहरूमा सडक विस्तार, पुल निर्माण र पहिरो रोकथामको काम भएसँगै पहिलेको तुलनामा जोखिम कम हुने भए पनि ढुङ्गा खस्ने समस्या भने रहेको छ । डिभिजन सडक कार्यालय भरतपुरका इञ्जिनियर अर्जुन घिमिरेका अनुसार सबैभन्दा बढी समस्या देखिएको तुइन खोलामा ठूलो ढुङ्गा झारिएको छ । सँगै साना ढुङ्गा झारिएको भए पनि अझै सो क्षेत्र जोखिमपूर्ण रहेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "यो ठाउँमा रकनेटिङ गर्नका लागि छलफल भइरहेको छ", झण्डै १६ मिटर माथिबाट अत्यन्तै जोखिममा रहेको ठूलो ढुङ्गालाई लङबुम एक्साभेटरको सहयोगमा गरिएको हो । सोही सडकको लामो बालुवा पुल आसपास क्षेत्रमा ढुङ्गा खस्ने जोखिम छ । सोही क्षेत्रमा ढुङ्गा खसेर केही समयअघि एक जना चालकको मृत्यु पनि भएको थियो । घिमिरेका अनुसार सडकको सात सय मिटर जति क्षेत्रमा जोखिम बढी छ । सो क्षेत्रको केही भित्तो काटिएको थियो ।

यस्तै जोखिम जलवीरेमा छ । झण्डै एक सय मिटर क्षेत्रमा साना ढुङ्गा खस्ने जोखिम रहेको हो । नाम्सी पुल क्षेत्रमा भित्तो काटिएको हुँदा ढुङ्गा खस्ने जोखिम छ । एक सय मिटर जति क्षेत्र जोखिममा रहेको घिमिरेले जानकारी दिनुभयो ।

तुइन खोला नजिकैको क्षेत्र पनि जोखिममा छ । साठ्ठी मिटर हाराहारी क्षेत्रमा ढुङ्गा खस्ने जोखिम छ । सो क्षेत्रमा सडक विस्तार गर्दा हल्का भित्तो काटिएको थियो । केही वर्षअघि यो सडक विस्तार गर्दा ठाउँठाउँमा भित्तो काटिएको थियो । ती क्षेत्रमा रकनेटिङ, वायो इञ्जिनियरिङलगायत प्रविधि प्रयोग गरेर पहिरो र ढुङ्गा खस्ने समस्या रोकथाम गरिएको हो । घिमिरेले भन्नुभयो, "पहिले रोकथामको काम गरेका ठाउँमा समस्या छैन, नयाँ ठाउँमा समस्या देखिएको छ ।" ती समस्या समाधानका लागि कार्यालयले विभागमा लेखी पठाएको छ ।

कार्यालय प्रमुख नारायण लामिछानेले जोखिम बढी देखिएका ठाउँमा रकनेटिङलगायतका काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । विभागसँग परामर्श गरेर काम अघि बढाइने उहाँको भनाइ छ । वर्षात्को समयमा सडक जोखिमपूर्ण भएकाले यात्रा गर्दा सावधानी अपनाउनुपर्ने उहाँको सुझाव छ ।

कार्यालयले ढुङ्गा र पहिरो खस्न सक्ने जोखिम भएकाले मुग्लिनमा एउटा लोडर तयारी अवस्थामा राखेको छ । यस्तै सेतीदोभानमा लोडर, जेसिभी एक्साभेटर, ट्रकटेलर, टिपर तयारी अवस्थामा राखेको छ । उहाँका अनुसार नाली बन्द हुन नदिन मिनी एक्साभेटर र आवश्यक जनशक्ति सडकमा नियमित परिचालन गरिएको छ ।

# विपद् जोखिमबाट बच्न उच्च सकतर्कता अपनाउन निर्देशन

काठमाडौँ, २० साउन (रासस) ।

कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले मनसुनजन्य विपद् जोखिमलाई मध्यनजर गरी सरकारका सम्पूर्ण निकायलाई आवश्यक सतर्कता अपनाउन निर्देशन दिनुभएको छ ।

शहरी विकास मन्त्रालयमा मंगलबार गृहमन्त्री रमेश लेखक, रक्षामन्त्री मानविर राई, मुख्यसचिव एकनारायण अर्याल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टसहित बसेको बैठकमा कार्यवाहक प्रधानमन्त्री सिंहले देशका विभिन्न भूभागमा देखिएको मनसुनजन्य जोखिमको जानकारी लिनुभएको थियो ।

बैठकमा उहाँले हाल देशका विभिन्न स्थानको मौसम र सम्भावित जोखिमबारे जानकारी लिँदै पूर्वतयारीमा रहन, घटना घटिहालेमा क्षति हुन नदिन, खोज तथा उद्धारका लागि 'हाइअलर्ट' मा रहन निर्देशन दिनुभएको छ ।

त्यसैगरी उहाँले सम्भावित जोखिमको क्षेत्रमा एसएमएस अलर्ट, स्थानीय सञ्चारमाध्यम र सुरक्षा निकायमार्फत पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन पनि निर्देशन दिनुभयो ।

बैठकमा प्राधिकरणका कार्यकारी प्रमुख भट्टले लुम्बिनी प्रदेशको दाङ, बाँके, बर्दियामा पानी पार्ने प्रणाली सक्रिय रहेको जानकारी गराउनुभयो । भारी वर्षा हुँदा बबई नदी र राप्ती नदीको पश्चिम भागमा खतराको तह पार गरेकाले बर्दिया क्षेत्रमा अबको ४ देखि ५ घण्टामा डुबान हुन सक्ने सम्भावना रहेको बताउनुभयो ।

त्यसैगरी मधेस प्रदेशमा देखिएको खडेरीको अवस्थाका बारेमा पनि कार्यवाहक प्रधानमन्त्री सिंहले चासो राख्नुभएको थियो । सो क्रममा प्राधिकरणका प्रमुख भट्टले मधेसमा हल्का वर्षा भइरहेको र ८० प्रतिशत रोपाइँ भएको जानकारी गराउनुभयो । मंगलबार राति कैलाली र कञ्चनपुरमा भारी वर्षाको सम्भावना रहेको बारे बैठकमा जानकारी गराइएको छ ।

मकवानपुरमा पनि मनसुन सक्रिय हुने आँकलन गरिएको छ । गृहमन्त्री रमेश लेखकले मनसुनजन्य विपद्लाई मध्यनजर गर्दै प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूलाई अतिआवश्यकबाहेक कार्यक्षेत्र नछाड्न निर्देशन जारी गरिएको जानकारी गराउनुभयो ।

# प्रादेशिक कार्यालयद्वारा २२ करोड ८८ लाखको किताब बिक्री

जनकपुरधाम, २० साउन (रासस) ।

जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय जनकपुरधामले यस वर्ष हालसम्ममा २२ करोड ८८ लाख ६६ हजार मूल्य बराबरको करिब १७ लाख ७० हजार थान पुस्तक बिक्री गरेको छ । यस वर्ष वैशाखदेखि असारसम्ममा सो परिमाणमा किताब बिक्री-वितरण भएका हुन् ।

यस वर्ष शैक्षिकसत्र सुरु हुनुअगाडि पाठ्यपुस्तक उपलब्ध भएका कारण बिक्री-वितरण बढी भएको कार्यालय प्रमुख रुद्रमणि खनालले जानकारी दिनुभयो । शैक्षिक वर्ष २०८२ मा रु २५ करोड मूल्यका २३ लाख ७० हजार थान पुस्तक बिक्री-वितरण गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । विद्यालयलाई तोकिएका विभिन्न ८६ वितरकका माध्यमबाट पाठ्यपुस्तक बिक्री-वितरण गरिँदै आएको छ ।

जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालयबाट ओखलढुङ्गा, खोटाङ, धनुषा, महोत्तरी, सप्तरी, उदयपुर, सिन्धुली, सिरहा, सर्लाही, रौतहट, पर्सा, बारालगायत जिल्लामा पाठयपुस्तक बिक्री-वितरण गरिँदै आएको छ ।

"विगतमा पुस्तक छपाइमा ढिलाइ हुने गरेकाले अध्ययन-अध्यापनमा समस्या हुने गरेको थियो," प्रमुख खनालले भन्नुभयो, "अब त्यो समस्या हटेको छ ।"

कार्यालयले गत वर्ष रु २३ करोड ३० लाख मूल्य बराबरको किताब बिक्री गरेको थियो । कार्यालय प्रमुख खनालका अनुसार शैक्षिक सत्र २०८२ मा कार्यालयले कक्षा १ देखि कक्षा १२ सम्मका लागि १७ लाख ७० हजार थान पाठ्यपुस्तक बिक्री गरेको थियो । जनक शिक्षा सामग्री केन्द्रले कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाई पूर्णरूपमा पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने गरेको छ भने कक्षा ११ तथा कक्षा १२ का अनिवार्य विषय अङ्ग्रेजी, नेपाली र सामाजिक विषयको पाठ्यपुस्तक विद्यार्थी आफैले खरिद गर्नुपर्ने प्रावधान छ । तोकिएका बिक्रेताबाट विद्यालयले पाठ्यपुस्तक खरिद गर्ने तथा सोको भुक्तानी सम्बन्धित स्थानीय तहले दिँदै आएको छ ।

# 'कुलिङ अफ पिरियड'सम्बन्धी छानबिन समितिद्वारा प्रतिवेदन तयार

काठमाडौँ, २० साउन (रासस) ।

सङ्घीय निजामती सेवा विधेयक, २०८० मा त्रुटि भएको भनी उठाइएका विषयमा गठित अध्ययन तथा छानबिन विशेष समितिले आफ्नो प्रतिवेदन प्रतिनिधिसभा बैठकमा पेस गर्ने तयारी गरेको छ ।

रातभर सिंहदरबारमा बसेर समितिले तयार गरेको प्रतिवेदन मंगलबारको बैठकमा पेस गर्ने निर्णय भएको समिति सदस्य माधव सापकोटाले जानकारी दिनुभयो । समितिले २९ दिनसम्म विभिन्न ३७ बैठक बसेर प्रतिवेदनलाई अन्तिम रुप दिएको हो ।

त्रुटि कसरी हुन्छन् भविष्यमा यस्ता त्रुटि हुन नदिन विशेषज्ञसँग परामर्श गरेर विशेष समितिले प्रतिवेदन तयार गरेको जनाइएको छउँ्स । समितिमा संसद्मा विधेयक निर्माणको सन्दर्भमा हुने गरेको यस प्रकारका गतिविधि आगामी दिनमा हुन नदिन कमीकमजोरीलाई सच्याउन सरोकारवाला व्यक्तिसमेत विभिन्न कोणबाट छलफल भएको छ ।

प्रतिनिधिसभाले गत असार २३ गते उच्चस्तरीय छानबिन विशेष समिति गठन गरेको थियो । समितिमा नेपाली कांग्रेसबाट जीवन परियार र सुशीला थिङ, नेपाल कम्यनिष्ट पार्टी (एमाले)बाट नारायणप्रसाद आचार्य र ईश्वरी घर्ती, नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)बाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की रहनुभएको छ ।

# व्यवसायी प्रसाई धरौटीमा रिहा

काठमाडौँ, २० साउन (रासस) ।

पाटन उच्च अदालतको आदेशपछि मेडिकल व्यवसायी दुर्गा प्रसाई डिल्लीबजार कारागारबाट रिहाइ भएका छन् । सोमबार सो अदालतले दुई वटा मुद्दामा प्रसाईसँग रु २८ लाख धरौटी माग गरेको थियो ।

उच्च अदालतले प्रसाईलाई तीनकुने घटनाका सम्बन्धमा रु तीन लाख र बैंकिङ कसुर मुद्दामा रु २५ लाख धरौटी माग गरेको थियो । अदालती प्रक्रिया पूरा भएपछि कारागारले सोमबार राति प्रसाईलाई रिहा गरेको हो ।

पाटन उच्च अदालतका न्यायाधीशद्वय टङ्कप्रसाद गुरुङ र डिल्लीराज श्रेष्ठको संयुक्त इजलाशले प्रसाईसहित सुशील बराल, डण्डपाणि रेग्मी, तारा राजावादी भन्ने सरोज गौतमलाई धरौटी माग गरेको थियो ।

काठमाडौँ जिल्ला अदालतले यसअघि प्रसाईलाई राज्यविरुद्धको कसुर, कर्तव्य ज्यान, बज्यान मार्ने उद्योग र आपराधिक उपद्रवमा थुनामा पठाउने आदेश दिएको थियो । सो आदेशविरुद्ध प्रसाईले उच्च अदालतमा निवेदन दिएका थिए । त्यस्तै, पाटन उच्च अदालतका न्यायाधीशद्व▪ य सुदर्शनदेव भट्ट र मुनेन्द्रप्रसाद अवस्थीको संयुक्त इजलाशले पनि बैंकिङ कसुर मुद्दामा धरौटी माग गरेको थियो ।

# सरकार कर बक्यौता असुली अभियानमा जुट्ने

काठमाडौं, २० साउन (रासस) ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षमा राजस्व सङ्कलन लक्ष्य हासिल गर्न सरकार विशेष कार्ययोजनासहित कर बक्यौता असुलीको अभियानमा जुट्ने बताउनुभएको छ । प्रतिनिधिसभामा सांसदहरूको जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्री पौडेलले राजस्व परिचालनमा तीव्रता ल्याउन र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) नियन्त्रण गर्न व्यापक नीति तथा कार्यक्रम अघि सारिएको जानकारी दिनुभयो ।

सांसद सूर्यप्रसाद गौतमले उठाएको प्रश्नको जवाफमा अर्थमन्त्री पौडेलले गत आर्थिक वर्ष २०८१/८२ मा कुल रू ११ खर्ब ९६ अर्ब राजस्व सङ्कलन भएको उल्लेख गर्दै चालु आवमा अझ बढी राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको बताउनुभयो । अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलन ११.३३ प्रतिशतले वृद्धि भइरहेको उहाँको भनाइ थियो ।

“राजस्व लक्ष्य हासिल गर्न आन्तरिक राजस्व परिचालन रणनीति कार्यान्वयनमा ल्याइएको छ । मन्त्रालयबाट नियमित राजस्व सङ्कलनको समीक्षा भइरहेको छ र कर बक्यौता असुलीका लागि स्पष्ट कार्ययोजना सहितको अभियान सञ्चालन गरिनेछ”, उहाँले भन्नुभयो ।

राजस्व चुहावट नियन्त्रणका लागि सरकारले चुहावट हुने क्षेत्रको पहिचान गर्ने, अन्तरनिकाय समन्वय र सूचना आदान-प्रदान गर्ने, संयुक्त गस्तीलाई प्रभावकारी बनाउने, स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण समितिको बैठक सञ्चालन गर्नेलगायतका काम गरिरहेको अर्थमन्त्री पौडेलले बताउनुभयो । त्यसैगरी, चालु आर्थिक वर्षको बजेटमार्फत् करका दरको परिमार्जन, करको दायरा विस्तार, कर परिपालना प्रवर्द्धन, डिजिटल कर प्रणालीको प्रभावकारी परिचालनलगायतका सुधारात्मक उपाय लागू गरिएको उहाँको भनाइ छ । समग्र राजस्व प्रशासनको दक्षता र क्षमता अभिवृद्धिमा मन्त्रालय पूर्णप्रतिबद्ध रहेको पनि अर्थमन्त्री पौडेलले संसदलाई जानकारी दिनुभयो ।

मंगलबारको बैठकमा अर्का सांसद प्रेम सुवालले नेपाल वित्तीय कारबाही कार्यदल (फाइनान्सियल एक्सन टास्क फोर्स - एफएटीएफ)को निगरानी सूची ( ग्रे लिस्ट)मा परेको विषयमा सरकारको दृष्टिकोण के छ भनी प्रश्न गर्नुभएको थियो । सो प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले ग्रे लिस्टबाट बाहिरिन सरकारले कडा र ठोस कदम चालेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “सम्पत्ति शुद्धीकरण निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गरेर १९ वटा कानुन परिमार्जन गरिएको छ । साथै, नयाँ नियमावली तथा निर्देशन जारी गरी कार्यान्वयनमा ल्याइएका छन् ।”

सम्पत्ति शुद्धीकरण नियन्त्रण सम्बन्धमा सरकारले हालसम्म सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ जारी र लागू गरेको, रणनीति तथा कार्ययोजना २०८१/८२ देखि २०८५/८६) कार्यान्वयन, ग्रे लिस्टबाट छिटो बाहिरिन ‘शीघ्र सुधारात्मक कार्ययोजना, २०८२ स्वीकृत र लागूलगायतका कानुनी सुधार गरिएको बताउनुभयो ।

त्यसैगरी बहुमूल्य धातु र वस्तु कारोबारी, क्यासिनो व्यवसायी, घरजग्गा कारोबार गर्ने संस्थाहरूजस्ता सूचक संस्थालाई विभिन्न निर्देशन गरिएको उहाँको भनाइ छ । चारवटा समन्वय संयन्त्र (नियामक, अनुसन्धान समन्वय, आतङ्कवाद प्रतिरोध, कार्यान्वयन सहजीकरण) गठन भएको पनि अर्थमन्त्री पौडेले बताउनुभयो । सरकारले एफएटिएफको मापदण्ड पुरा गर्न गम्भीरता देखाएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “हामी ग्रे लिस्टबाट बाहिरिन मात्र होइन, भविष्यमा फेरि यस्तो सूचीमा नपर्ने सुनिश्चितता गर्न प्रतिबद्ध छौं ।”

# प्राधिकरण विभाजनसम्बन्धी विधेयक एकसाथ अगाडि बढाइने

काठमाडौं, २० साउन (रासस) ।

प्रतिनिधिसभा अन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिले नेपाल नागरिक उड्डयन प्राधिकरण विभाजनसम्बन्धी विधेयकलाई समानान्तर छलफल गरेर अगाडि बढाउने भएको छ ।

समितिको सिंहदरबारमा मंगलबार बसेको बैठकमा दुवै विधेयक एकअर्काका परिपूरक भएकाले सँगै अगाडि बढाउने सहमति भएको हो । समितिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले एउटा मात्र विधेयकलाई अगाडि बढाउँदा अर्को विधेयकको समेत अध्ययन गर्नुपर्ने भएकाले दुवै विधेयक सँगै अगाडि बढाउन प्रस्ताव गर्नुभएको थियो । मन्त्रीको प्रस्तावमा समितिका सदस्यहरूले सहमति जनाएका थिए ।

समितिका सभापति राजकिशोर यादवले दुवै विधेयकमाथि संशोधनकर्ता सांसद, समितिका सदस्य तथा विज्ञ एवम् सरोकारवासँग संयुक्त छलफल गरेर विधेयकलाई निष्कर्षमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । समितिले विधेयकमाथिको छलफललाई सहज बनाउन मन्त्रालयलाई पुरानो ऐन र नयाँ विधेयकमा भएका व्यवस्थालाई एकीकृत गरेर दस्तावेज पेश गर्न निर्देशन दिएको छ ।

बैठकमा समिति सदस्य एनपी साउद, उदयशमशेर राणा, शिशिर खनाल, भीमप्रसाद आचार्य, हितबहादुर तामाङ, एकनाथ ढकाललगायतले दुवै विधेयकलाई सँगसँगै छलफल गरेर टुङ्ग्याइनुपर्ने सुझाव दिनुभएको थियो ।

समितिको मंगलबारको बैठकमा नेपाल हवाई सेवा प्राधिकरण विधेयकमाथि दफावार छलफल सुरु गर्ने कार्यसूची थियो । दुवै विधेयकमाथि सैद्धान्तिक छलफल हुनका साथै हवाई सेवा विधेयकमाथि संशोधनकर्तासँगसमेत छलफल भइसकेको छ । तर, नागरिक उड्डयन प्राधिकरण विधेयकमा संशोधनकर्तासँग छलफल बाँकी रहेको छ ।

समितिले दुवै विधेयकलाई चाँडो टुङ्ग्याउनेगरी सघन रूपमा छलफल अगाडि बढाएको छ । सरकार र समिति दुवैले सङ्घीय संसद्को जारी अधिवेशनबाट विधेयक पारित गर्ने योजना बनाएका छन् ।

# राजर्षिजनक विश्वविधालयको परीक्षा नियन्त्रकमा प्राडा महतो नियुक्त

जनकपुरधाम, २० साउन (रासस) ।

राजर्षिजनक विश्वविद्यालयले केन्द्रीय परीक्षा सञ्चालन तथा अभिलेख केन्द्रको परीक्षा नियन्त्रक पदमा प्राडा श्यामकिशोर महतोलाई मंगलबार नियुक्त गरेको छ ।

उक्त विश्वविद्यालयको कार्यकारी परिषद्को निर्णय अनुसार उहाँलाई चारवर्षका लागि परीक्षा नियन्त्रक पदमा नियुक्त गरिएको विश्वविद्यालयका रजिष्ट्रार सत्यनारायण साहद्वारा जारी पत्रमा जनाइएको छ । सो पत्रमा राजर्षिजनक विश्वविद्यालयको ऐन तथा नियमावली, २०७५ अनुसार महतोलाई काम गराउने उल्लेख गरिएको छ ।

जनकपुरधामस्थित विश्वविद्यालयको परीक्षा नियन्त्रक पदमा पदभारग्रहण गर्दै उहाँले यस विश्वविद्यालयले लिने परीक्षालाई मर्यादित तथा व्यवस्थित गराउँदै लैजाने प्रतिबद्धता जनाउनुभयो । विश्वविद्यालयबाट तोकिएको तालिका अनुसार परीक्षा सञ्चालन गराउने उहाँले बताउनुभयो ।

धनुषाको सबैला नगरपालिका-३ का स्थानीय बासिन्दा प्राडा महतोले तथ्याङ्कशास्त्रमा पटना विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएको छ । उहाँ विगत २८ वर्षदेखि अध्यापन क्षेत्रमा कार्यरत हुनुहुन्छ । यसअघि उहाँ उक्त विश्वविधालयको डिनसमेत हुनुभएको थियो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०४/२०

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४७ मधुलाल मंडरको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे मनियार परसाहि सा.कि.नं. २४२ को ज.वि. ०-२-० मध्ये ०-१-०, ऐ.ऐ. सा.कि.नं. २४३ को ज.वि. ०-०-१३ मध्ये ०-०-६.५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बथनाहा वडा नं. १ हाल महादेवा गा.पा. वडा नं. ३ बस्ने सुन्दर यादवको नाति यदुलाल यादवको छोरा उपेन्द्र प्रसाद यादवको यस कार्यालयमा द.नं. ७७९६ मिति २०८१/०८/११ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/२० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.न. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २४२<br>२४३ | मधुलाल मंडर | डाढा | ८ | २९९/<br>४७६ | ०-०-७.५ | उपेन्द्र प्रसाद यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा पं बथनाहा वार्ड नं. १ बस्ने जदुलाल यादबको नम्बरी हो जनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत


# विश्व समाचार

## श्रीलङ्का : बदनाम प्रहरी प्रमुखको महाभियोगमा बहस गर्दै

कोलम्बो, २० साउन (रासस/एएफपी) ।

श्रीलङ्काको संसद्ले मङ्गलबार दुर्व्यवहार र आपराधिक व्यवहारका लागि प्रहरी प्रमुख देशबन्धु तेन्नाकोनलाई बर्खास्त गर्ने प्रस्तावमा बहस गरिरहेको छ । यो पहिलो पटक कुनै प्रहरी महानिरीक्षकले महाभियोगको सामना गरिरहेको हो ।

चौवन्न वर्षीय तेन्नाकोन मुलुकको इतिहासमा बर्खास्त हुने पहिलो प्रहरी प्रमुख बन्नुहुनेछ । अनुशासनात्मक सुनुवाइले उहाँलाई ८५ हजार बलियो कानून प्रवर्तन बलको नेतृत्व गर्न अयोग्य ठहर गरेको छ ।

“यो संसदले... प्रहरी महानिरीक्षक श्री देशबन्धु तेन्नाकुनलाई छानबिन समितिले दोषी ठहर गरेको निष्कर्षका आधारमा... आइजिपीको पदबाट हटाउने निर्णय गर्छ”, मङ्गलबारको कार्यसूचीमा सूचीबद्ध प्रस्तावमा उल्लेख छ ।

अधिकारीहरूले दुई सय २५ सदस्यीय संसद्मा बहसपछि मङ्गलबार पछि मतदान गरिने बताएका छन् । संसद्मा सत्तारूढ दलको सहज दुई-तिहाइ बहुमत छ । विपक्षीले पनि महाभियोगलाई समर्थन गरेको छ ।

श्रीलङ्काको सर्वोच्च अदालतले हिरासतमा रहेका एक संदिग्धलाई उनको गुप्ताङ्गमा मेन्थल बाम लगाएर यातना दिएको फैसला गरेको भए तापनि तेन्नाकोनलाई सन् २०२३ नोभेम्बरमा प्रहरी प्रमुख नियुक्त गरिएको थियो ।

उहाँमाथि सन् २०२३ डिसेम्बरमा एक असफल छापा मार्ने अधिकार दिएको आरोप पनि लगाइएको छ । उक्त छापाले तटीय रिसोर्ट सहर वेलिगामामा प्रतिद्वन्द्वी प्रहरी एकाइहरू बीच बन्दुक युद्ध सुरु भएको थियो र युद्धमा एक अधिकारीको मृत्यु भएको थियो ।

तेन्नाकुन विरुद्धको आरोपहरूको अनुसन्धान गर्ने समितिले उहाँले डब्लु१५ होटलमा ‘शङ्कास्पद गोली हानाहानको अवैध कार्यको नेतृत्व गरेको’ पत्ता लगाएको थियो ।

होटलका मालिकलाई धम्की दिन तेन्नाकुनले पठाएको टोलीमाथि स्थानीय प्रहरी युनिटले गोली चलाएको थियो ।

राज्यका अभियोजकले समितिलाई प्रहरी प्रमुखले ‘आपराधिक नेटवर्क’ चलाइरहेको र प्रहरी बलको सबैभन्दा तल्लो तहमा समेत सेवा गर्न अयोग्य रहेको बताए । गत महिना महाभियोग प्रक्रिया सुरु भएदेखि तेन्नाकुनको तर्फबाट कुनै प्रतिक्रिया आएको छैन ।

## इजरायलले गाजामा निजी सामानको व्यापार आंशिक रूपमा पुनः खोल्ने

जेरुसेलम, २० साउन (रासस/एएफपी) ।

इजराइलले मानवीय सहायतामा गाजाको निर्भरता कम गर्न निजी क्षेत्रसँगको व्यापार आंशिक रूपमा पुनः खोल्ने भएको प्यालेस्टिनी क्षेत्रहरूका लागि रक्षा मन्त्रालयको नागरिक मामिला एजेन्सी (कोगाट) ले मङ्गलबार बताएको छ ।

“संयन्त्र निर्माणको भागका रूपमा, रक्षा प्रतिष्ठानले धेरै मापदण्ड र कडा सुरक्षा जाँचको अधीनमा सीमित सङ्ख्यामा स्थानीय व्यापारीहरूलाई अनुमोदन गरेको छ”, कोगाटले भनेको छ ।

इजराइलले २२ महिनादेखि गाजामा प्यालेस्टिनी लडाकू समूह हमाससँग लड्दै आएको छ र मार्च २ मा पूर्ण नाकाबन्दी लगाएको थियो । इजरायलले उक्त नाकाबन्दी मेमा आंशिक रूपमा हटाएको थियो र अमेरिकी समर्थित निजी एजेन्सीलाई खाद्य वितरण केन्द्रहरू खोल्न अनुमति दिएको थियो ।

संयुक्त राष्ट्रसङ्घको आदेशित विशेषज्ञ रिपोर्टहरूले युद्धग्रस्त क्षेत्रमा अनिकाल फैलिरहेको चेतावनी दिएपछि अरब र युरोपेली सेनाहरूद्वारा सहायता सवारी र हवाई सहायता गत महिना पुनः सुरु भयो ।

‘हमास आतङ्कवादी सङ्गठनको संलग्नता रोक्नका लागि’ गाजामा प्रवेश गर्नुअघि इजरायली सेनाले निरीक्षण गर्नुपर्ने र निगरानी गरिएको बैंक स्थानान्तरणद्वारा निजी क्षेत्रको डेलिभरीको भुक्तानी गरिने कोगाटको विज्ञप्तिमा भनिएको छ ।

नयाँ संयन्त्रअन्तर्गत अनुमति प्राप्त वस्तुहरूमा खाद्य पदार्थ, फलफूल, तरकारी, बच्चाको दूधको पाउडर र स्वच्छता उत्पादनहरू समावेश हुने कोगाटले जनाएको छ ।

## युनिसेफः गाजामा बम विस्फोट र भोकमरीका कारण दैनिक २८ बालबालिकाको मृत्यु

न्युयोर्क, २० साउन (रासस/क्युएनए) ।

संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले इजरायली बमबारी र भोकमरीका कारण गाजा पट्टीमा दैनिक लगभग २८ बालबालिकाको मृत्यु भइरहेको घोषणा गरेको छ । गाजामा जहाँ छ सय ६० दिनभन्दा लामो समयदेखि युद्ध जारी रहेको छ ।

“बमबारीबाट मृत्यु । कुपोषण र भोकमरीबाट मृत्यु । सहायता र महत्त्वपूर्ण सेवाहरूको अभावले मृत्यु भएको छ”, युनिसेफले एक्समा गरेको पोस्टमा भनिएको छ, “गाजामा, दैनिक औसत २८ बालबालिका- ‘कक्षाकोठाको आकार’- मारिएका छन् ।”

एजेन्सीले गाजाका बालबालिकाहरूलाई खाना, सफा पानी, औषधि र सुरक्षाको तत्काल आवश्यकतामा जोड दिँदै भनेको छ, “कुनै पनि कुराभन्दा बढी, उनीहरूलाई युद्धविराम चाहिन्छ ।”

इजरायली सेनाले मार्च २ देखि गाजाको सीमा नाकाहरू बन्द गरेको छ र सामान र सहायताको प्रवेश रोकेको छ । यसको परिणाम गाजा पट्टीमा अभूतपूर्व अनिकाल निम्त्याएको छ ।

# राष्ट्रिय मुक्ति पार्टीको केन्द्रिय महासचिवमा केशव झा र सहमहासचिवमा गजेन्द्र मण्डल





**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

राष्ट्रिय मुक्ति पार्टी नेपालले मंगलबार केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको टुङ्गो लगाएको छ।

सो पार्टीको महासचिवमा सप्तरीका केशव कुमार झा र सहमहासचिवमा सप्तरीकै गजेन्द्र कुमार मण्डल चयन भएका छन् ।

पार्टीका अध्यक्ष राजेन्द्र महतोद्वारा जारि विज्ञप्तिमा पदाधिकारीसहित विभिन्न केन्द्रीय निकायका प्रमुखहरू समेतको जिम्मेवारी तोकेको उल्लेख छ।

पार्टीको अध्यक्षमा राजेन्द्र महतो छन् भने तीन जना वरिष्ठ उपाध्यक्ष उपाध्यक्षहरूमा कमला कुमारी गुरुङ (पर्वत), रामनरेश राय यादव (सर्लाही) र सुमन सायमी (काठमाडौँ) रहेका छन् । त्यस्तै उपाध्यक्षहरुमा कौशल कुमार सिंह (सिरहा), डा. राजिव कुमार झा (धनुषा), राजेन्द्र प्रसाद पाठक (धादिङ) र ओमप्रकाश यादव (गुलजारी) (रुपन्देही) छन् ।

त्यस्तै, पार्टीमा ५ जना महासचिवमा केशव कुमार झासहित मिङमार तामाङ ( सिन्धुपाल्चोक), रमेश योङहाङ ( पाँचथर), सन्तोष कुमार मेहता ( सुनसरी) र अनिल कुमार महासेठ (सिराहा) छन् ।

कोषाध्यक्षको जिम्मेवारी काठमाडौँका नरेन्द्र बज्राचार्यले पाएका छन् भने काठमाडौँका रबिन्द्र कुमार श्रेष्ठ र महोत्तरीका रमण कुमार पाण्डेयलाई प्रवक्ता तोकिएको छ ।

यसैगरि सहमहासचिवमा गजेन्द्र कुमार मण्डलसहित कौशलेन्द्र शर्मा (काठमाडौं), चन्द्र प्रकाश राजवंशी (मोरङ), जयलाल साह ( रौतहट), मो. निजामुद्दिन समानी ( पर्सा), रविदत्त मिश्रा (कपिलबस्तु) र राजेश पुनः मगर (जुनतारा) (पश्चिम रुकुम) रहेका छन् ।

त्यसैगरि पार्टीको सचिवमा प्रेम थुलुंग राई, फोनिराम थारु, बलराम ऋषिदेव मुसहर, सोनम लिम्बु, संजय कुमार चौधरी, शेरबहादुर शाह र मो. हुसेन खान छन् ।

# बजेट नल्याएका स्थानीय तहलाई सामान्य प्रशासन मन्त्रालयले सहजीकरण गर्ने

काठमाडौँ, २० साउन (रासस) ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरूमा स्थलगत रूपमा छलफलमार्फत समस्या समाधानका लागि सहजीकरण गर्दै यथाशीघ्र बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयनमा ल्याउने भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेको निर्देशनमा मन्त्रालयका सहसचिवको नेतृत्वमा तीन महाशाखाका प्रमुख कालीप्रसाद पराजुली प्रकाश दाहाल र रुद्रसिंह तामाङको नेतृत्वमा सहजीकरणको काम गर्ने निर्णय भएको हो ।

त्यस्तो वातावरण निर्माणका लागि पहल गर्न गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल, नेपाल नगरपालिका सङ्घ र सम्बन्धित जिल्ला समन्वय समितिका पदाधिकारी प्रतिनिधिसमेतको संलग्नतामा यही साउन २१ गतदेखि विभिन्न तीन वटा टोली परिचालन गर्ने निर्णय गरेको मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सङ्घीय व्यवस्थामा स्थानीय तहको सशक्तीकरणको मूल आधारका रूपमा आर्थिक स्वायत्तता र वित्तीय अनुशासन रहेको हुन्छ । नेपालको संविधानले धारा ५९ मा आर्थिक अधिकारको प्रयोग र धारा ६० मा राजस्व स्रोतको बाँडफाँटको अधिकार सुनिश्चित गरी स्थानीय तहलाई आर्थिक स्वायत्तता प्रदान गरेको छ ।

सो अधिकारको विधिसम्मत प्रयोग गर्दै स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न नेपालको संविधानको धारा २३० मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँसभा वा नगरसभामा पेस गरी पारित गराउनुपर्ने व्यवस्था गरिएको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले सञ्चित कोषमाथि व्ययभार हुने रकमबाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरेर सभाबाट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले कार्यपालिकाबाट स्वीकृत बजेट असार १० गतेभित्र सभासमक्ष पेस गर्नुपर्ने र सो बजेट असार मसान्तभित्र पारित गरी सक्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ ।

स्थानीय तहमा सुशासनको प्रवर्द्धन र सेवा प्रवाहको सुनिश्चितता गर्न उपर्युक्त अनुसारका संवैधानिक तथा कानुनी व्यवस्थाबमोजिम समयमै बजेट पारित गरी कार्यान्वयन गर्नु अनिवार्य भए पनि केही उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाले हालसम्म पनि चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम सभाबाट पारित गरी कार्यान्वयनमा ल्याउन सकेको देखिँदैन ।

सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वयको जिम्मेवारी यस मन्त्रालयमा रहेको छ । सो जिम्मेवारीअनुरुप सभाबाट समयमै बजेट तथा कार्यक्रम पारित गराई कार्यान्वयनमा ल्याउन नसकेका स्थानीय तहहरुका समस्याका सम्बन्धमा छलफल गरी समाधानका लागि सहजीकरण गर्ने विषयलाई यस मन्त्रालयले गम्भीरतापूर्वक लिएको छ ।

# स्थानीय तहका समस्या समाधानमा सहजीकरण गरिने

काठमाडौँ, २० साउन (रासस) ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समयमै बजेट तथा कार्यक्रम पारित गराई कार्यान्वयनमा ल्याउन नसकेका स्थानीय तहका समस्याका सम्बन्धमा छलफल गरी समाधानका लागि सहजीकरण गर्न विभिन्न तीनवटा टोली परिचालन गर्ने भएको छ ।

उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाले हालसम्म पनि चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम सभाबाट पारित गरी कार्यान्वयनमा ल्याउन नसकेकाले मन्त्रालयले टोली परिचालन गर्ने निर्णय गरेको सङ्घीय मामिलामन्त्री भगवती न्यौपानेका स्वकिय सचिव नारायण बुढापृथीले जानकारी दिनुभयो । अतः मन्त्रालयले त्यस्ता स्थानीय तहमा स्थलगत रूपमा छलफलमार्फत समस्या समाधानका लागि सहजीकरण गर्दै सभाबाट यथाशीघ्र बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयनमा ल्याउने वातावरण निर्माणका लागि पहल गर्न मन्त्रालयको सहसचिवको नेतृत्वमा गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल, नेपाल नगरपालिका सङ्घ र सम्बन्धित जिल्ला समन्वय समितिका पदाधिकारी प्रतिनिधिसमेतको संलग्नतामा बुधबारदेखि तीनवटा टोली परिचालन गर्ने निर्णय गरिएको हो ।

नेपालको संविधानले धारा ५९ मा आर्थिक अधिकारको प्रयोग र धारा ६० मा राजस्व स्रोतको बाँडफाँटको अधिकार सुनिश्चित गरी स्थानीय तहलाई आर्थिक स्वायत्तता प्रदान गरेको छ । उल्लिखित अधिकारको विधिसम्मत प्रयोग गर्दै स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न संविधानको धारा २३० मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँसभा वा नगरसभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था छ ।

## मधेसको खानेपानी ...

वर्षमा खानेपानी, सरसफाइ तथा ढल निकासको क्षेत्रमा गरेका कार्यहरूको विस्तृत जानकारी दिँदै आगामी दिनमा अझ प्रभावकारी रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “मन्त्रीज्यूको स्पष्ट निर्देशन, मन्त्रालयसहित विभागका कर्मचारीहरूको सहयोगमा विभागले देशभर ९० प्रतिशत प्रगति हासिल गरेको छ । आगामी दिन थप प्रगति गर्नेछौँ ।”

कार्यक्रममा मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्य, सहसचिव मीना श्रेष्ठले विभागले गत आवमा हासिल गरेको प्रगति प्रति खुसी व्यक्त गर्नुभयो । कार्यक्रममा विभागीय निर्देशक, प्राविधिक, कर्मचारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# सप्तकोशीमा पानीको बहाव बढेपछि उदयपुरको बेलका उच्च जोखिममा

उदयपुर, २० साउन (रासस) ।

तीन दिनदेखि निरन्तर भइरहेको वर्षाका कारण सप्तकोशीमा पानीको बहाव बढ्दै गएपछि उदयपुरको बेलका क्षेत्र डुबानको उच्च जोखिममा छ । बेलका-२, ३, ६ ८ र वडा नं ९ का सप्तकोशी आसपासका गाउँघर सप्तकोशीको बाढी तथा डुबानको जोखिममा परेका हुन् ।

बेलका-२, ३, ६ ८ र वडा नं ९ सप्तकोशी आसपासका गाउँघर क्षेत्र नदी कटानको जाखिममा पर्न थालेका बेलका नगरपालिकाकी उपप्रमुख जिरा राईले बताउनुभयो । नदीको बहाव बढ्दै गएपछि गाउँ कटानको जोखिम हुनसक्ने भन्दै उदयपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलसहित सुरक्षाकर्मीको टोलीले स्थलगत अवलोकन गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलका अनुसार बेलकाको सप्तकोशीको कटानयुक्त क्षेत्रको अवलोकन र स्थलगत भ्रमण गरेर जानकारी लिइएको बताउनुभयो । अवलोकन गरी स्थानीयवासीलाई सतर्क रहन तथा सम्भावित जोखिम न्यूनीकरणका लागि तयारी अवस्थामा बस्न आग्रह गर्नुभयो ।

बेलका नगरपालिकाको कोठु, डुम्रीबोट, सिसौलीलगायत क्षेत्रमा पानीको बहाव कोशी किनार नाघेर बाहिर आउन थालेकाले स्थानीयलाई सतर्क रहेर बस्न भनिएको जिल्ला प्रशासन कार्यालय उदयपुरले बताएको छ ।

जिल्ला प्रशासनले र सुरक्षाकर्मीको टोलीले कुनै विपद्का घटना भएमा उद्धार तथा राहतमा जुट्न पूर्णतयारी सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक हरिहरनाथ योगीले बताउनुभयो ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई तयारी अवस्थामा राखिएको प्रमुख जिल्ला अधिकारी लुइँटेलले बताउनुभयो । जिल्ला प्रशासन, सुरक्षा निकायका प्रमुख, स्थानीय जनप्रतिनिधिलगायतको टोलीले स्थलगत अवलोकन गरी पूर्वतयारी थालिएको नगरप्रमुख अशोक कार्कीले बताउनुभयो ।

## संघर्ष समितिले ...

मार्फत सार्वजनिक गरिने जानकारी दिए ।

यसअघि आन्दोलनका क्रममा गत फागुन १८ गते नगरपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा भएको सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै भेलाले फेरी आन्दोलनमा जाने निर्णय गरेको राजविराज नगरवासी पीडित संघर्ष समितिका संयोजक अन्सारीले जानकारी दिए ।

बि.स. २०१६ सालमा राजविराज नगरपालिका स्थापना भएको काल देखी नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँका करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार २ सय परिवार जग्गाधनी पुर्जा पाउनबाट बन्चित रहेका छन् ।

## जसपा नेपाल ...

यस्तै सचिवमा निरज कुमार झाले २ सय ३१ मत ल्याउदा उनका निकटतम प्रतिद्वन्द्वी शम्भु कुमार यादवले २ सय ३० मत प्राप्त गरि एक मतको झिनो अन्तरले पराजित भए ।

यसैगरी उपसचिव रिता कुमारी चौधरीले २ सय ३४ र रामेश्वर कौगडिया यादबले २ सय ३५ मत प्राप्त गरि बिजयी भएका छन् । कोषाध्यक्ष अमरेन्द्र कुमार यादबले २ सय ३५ मत प्राप्त गरी बिजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी अभिनय याादबले २ सय १० मत प्राप्त गरे ।

५० सदस्य पदका लागि भएको निर्वाचनको मतगणना भने जारि नै रहेको बुधबार बिहानसम्म मात्र नतिजा आउने निर्वाचन समितिका संयोजक कृष्णलाल यादवले जानकारी दिए ।


लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

❖ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

❖ घर वरिपरि पानी जम्न नदिऔं,
❖ घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
❖ गोठ तथा खोर घरभन्दा टाढा राखौं,
❖ पुरा बाहुला भएको कपडा लगाऔं,
❖ सुत्दा झुल लगाएर मात्र सुतौं,
❖ झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

“लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।”

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*